"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर, सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.:
च.नं.: २०७९/८०
१६०२८

मिति: २०७९/०९/४

श्री वडा कार्यालय (सबै)
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

विषय: जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको कृषि विकास कार्यक्रम अन्तरगत साना कृषि औजार वितरण सम्वन्धि मिति २०७९/९/४ मा प्रकाशित सूचना यसैसाथ तहाँ पठाइएको छ । उक्त सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी तोकिएको मिति भित्र सरोकारवालाले प्रस्ताव पेश गर्नका लागि सम्वन्धित सबैमा जानकारी गराइदिनु हुनका लागि अनुरोध छ ।

बोधार्थ:
श्री नगर प्रमुख ज्यूको सचिवालय: जानकारीका लागि ।
श्री नगर उप प्रमुख ज्यूको सचिवालय: जानकारीका लागि ।

माधव प्रसाद पोखेल
शाखा अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

Scanned with CamScanner

## तिलोत्तमा नगरपालिकाको कृषि विकास कार्यक्रम सम्वन्धि सूचना

मितिः २०७९/०

तिलोत्तमा नगरपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा साना कृषि औजार वितरण कार्यक्रमकालागि इच्छुक तर्पासिलमा उल्लेखित निकायबाट यो सूचना प्रकासन भएको मितिले १५ दिन भित्र (मिति २०७९/०९/१८ गते सम्म) निर्धारित ढाँचाको प्रस्तावना र आवेदन फाराम (क्रमशः अनुसूची १ र २) अनुसार भरी पेश गर्नु हुन अनुरोध गरिन्छ। मूल्यांकनका आधारमा लाभग्राही छनौट गरिने छ।

तंर्पासिलः

| क.स. | कार्यक्रम | इकाई | परिमाण | जम्मा अनुदान रकम, अनुदान सिमा र उपलब्ध हुने औजार विवरण | प्रस्ताव पेश गर्न पाउने निकाय | मापदण्ड |
|---|---|---|---|---|---|---|
| ३ | साना कृषि औजार वितरण | पटक | १ | जम्मा अनुदान रकम रु. ५०००००।– <br> अनुदान सिमाः पुरा मूल्यमा अधिकतम ५०% रकम। <br> उपलब्ध हुने औजार र तिनको पुरा मूल्य विवरणः <br> • मिनीटिलरः 7 HP (Model 178 FA, डबल क्लच) पुरा मूल्य रु. ७३०००।– <br> • ब्रस कटरः 4 Stroke Brush cutter BG 435 (न्यूनतम ३ ब्लेड र वीडर यट्याचमेन्ट सेट समेत भएको) पुरा मूल्य रु. २५०००।– <br> • इलेक्ट्रिक पावर स्प्रेयरः (2 in 1, Battttery, २० लि. क्षमताको) पुरा मूल्य रु. ४८००।– <br> • मह मदानीः (४ फ्रेम प्रति पटक मह काढ्न मिल्ने, मेलिफेरा) पुरा मूल्य रु. १९०००।– | कृषक समूह/कृषि फार्म/कृषि सहकारी संस्था लि./जल उपभोक्ता समितिको निर्णयका साथ सम्वन्धित संस्था वा संस्थामा आवद्ध सदस्य। | टेक्टरः कम्तिमा १ हेक्टर (१.५ विघा), ब्रस कटर कम्तिमा १ विघा, स्प्रेयर कम्तिमा १ विघा क्षेत्रफलमा कृषि उत्पादन गर्ने गरेको हुनु पर्ने। महमदानीको हकमा कम्तिमा १० घार मौरी गोला भएको हुनु पर्ने। |

आवश्यककागजातहरु :

१. रु दशको हुलाक टिकट टाँसी तोकीएको ढाँचामा निवेदन।
२. संस्था सकृयताको प्रमाण खुल्ने आवश्यक प्रमाण पत्रहरुको प्रतिलिपी।
३. संस्थाबाट सम्वन्धित कार्यक्रम सम्वन्धमा गरिएको बैठकको निर्णय प्रतिलिपी।
४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. मूख्य लाभ ग्राहीको नागरिकताको छायाँ प्रति।
६. जग्गाको विवरण खुल्ने जग्गाधनी पुर्जाको प्रतिलिपि। लाभग्राहीको नाममा जग्गा नभएको खण्डमा एकाघरका अन्य सदस्यको नाममा भए नाता प्रमाणित समेत जग्गा धनी प्रमाण पत्रको छाया प्रती र करारमा भए कम्तिमा ५ वर्षको लागि वडा कार्यालयको रोहवरमा गरिएको करार सम्झौता पत्रको छायाँ प्रति।

सर्तहरुः

१. नविनतम प्रविधि प्रयोग, बहुसंख्यक कृषक लाभान्वित, व्यावसायिकता र दिगो उपयोगितामा प्रयोग हुने प्रस्तावलाई प्राथमिकता दिइने छ।
२. रित नपुगेको वा प्रस्तावना फर्म पूर्ण रुपमा नभरी पेश गरेकोलाई समावेश गरिने छैन।
३. अनुदान दुरुपयोग भएको पाइएमा सम्बन्धित संस्थाबाट अनुदान रकम असुल गरी सो संस्थालाई आगामी २ वर्ष सम्म कृषि सम्वन्धि अनुदानमा समाबेस गरिने छैन।

नोटः

- आवेदन फाराम कार्यालयको वेव पेज (www.tilottamamun.gov.np) बाट डाउनलोड गर्न सकिनेछ।
- थप जानकारीका लागि नगर पालिकाको कृषि शाखामा सम्पर्क राख्नु होला।

माधव प्रसाद पोखेल
शाखा अधिकृत

Scanned with CamScanner